आज मिति २०७६/१०/२० गते सोमबारका दिन बिहान ८ बजे यस इच्छाकामना गाँउपालिकाका, चितवनका अध्यक्ष श्री गिता कुमारी गुरुङगज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको ६६ औं बैठक बस्यो । आजको बैठकको उपस्थिति एवं निर्णय तपसिल बमोजिम रहेको छ ।

| दस्तखत | नामथर | पद |
|---|---|---|
| | गीता कुमारी गुरुङग | गा पा अध्यक्ष |
| | कृति कुमार श्रेष्ठ | गा पा उपाध्यक्ष |
| | श्री नन्दलाल गिरी | वडा अध्यक्ष वडा नं. १ |
| | श्री पन्च व प्रजा | वडा अध्यक्ष वडा नं. २ |
| | श्री गोर्वद्धन अधिकारी | वडा अध्यक्ष वडा नं. ३ |
| | श्री होम व राना मगर | वडा अध्यक्ष वडा नं. ४ |
| | मोदराज सिलवाल | वडा अध्यक्ष वडा नं. ५ |
| | श्री भुपेन्द्र प्रजा | वडा अध्यक्ष वडा नं. ६ |
| | श्री बम व थापा मगर | वडा अध्यक्ष वडा नं. ७ |
| | श्री सावित्री गुरुङग | कार्यपालिका सदस्य महिला |
| | श्री निर्मला श्रेष्ठ | कार्यपालिका सदस्य महिला |
| | श्री मन कुमारी सुनार | कार्यपालिका सदस्य महिला दलित |
| | श्री दमन कुमारी चेपाङग | कार्यपालिका सदस्य महिला |
| | श्री भद्र व प्रजा | कार्यपालिका सदस्य अल्पसंख्यक |
| | श्री मन व प्रजा | कार्यपालिका सदस्य अल्पसंख्यक |
| | श्री सुकदेव लम्साल | प्रमुख प्रशासकीय अधिकृत |
| | श्री विनोद अर्याल | अधिकृत लेखा |

- प्रस्तावहरु
- विधेयकहरु सम्वन्धमा
- तराई मधेस समृद्दि कार्यक्रमको आगामी बर्षको कार्यक्रम सम्वन्धमा ।
- अन्तिम लेखापरीक्षण प्रतिवेदन उपर छलफल बेरुजुमाथि छलफल।
- प्रगति प्रतिवेदन
- बार्षिक खरीद योजना
- वडा केन्द्र सम्वन्धमा ।
- बहुबर्षीय योजनाहरु सम्वन्धमा ।
- द्वन्दपिडितहरुको राहत
- आवधिक योजना, गुरुयोजनाहरुको म्याद तथा अन्य आयोजनाहरु म्याद सम्वन्धमा ।
- विस्थापित शिक्षकहरुलाई स्थापित गर्ने सम्वन्धमा ।
- प्राविधिक कर्मचारीहरु भर्ना सम्वन्धमा ।
- निर्वाचन क्षेत्र पूर्वाधार विकास साझेदारी कार्यक्रम सम्वन्धमा ।
- इच्छाकामना अस्पताल सम्वन्धमा ।
- विज्ञापन कर संकलन
- सम्पती करका सम्वन्धमा
- गौरवका आयोजनाहरु
- कुरिनटार पक्की नाला निर्माण
- फोहरमैला व्यवस्थापन
- ढुङ्गा गिटी वालुवाको ठेक्का नं २ र ३ को सम्वन्धमा ।
- प्रोत्साहन खर्च सम्वन्धमा ।

- निर्णय नं १

यस गाउँपालिकाको चालु आव देखि सञ्चालित निम्न आयोजनाहरुलाई बहुबर्षीय आयोजनाको रुपमा अगाडि बढाउने निर्णय गरियो । यस्ता आयोजनाहरुका लागि सालवसाली रुपमा बजेट विनियोजन गरी चालु आव मा विनियोजित रकम चालु आवमा भुक्तानी दिने र भए गरेको कामको मूल्यांकन गरी थप कामको लागि आगामी बर्षहरुमा क्रमागत रुपमा बजेट विनियोजन गरी विनियोजित रकमको सीमाभित्र रही भुक्तानी दिदै जाने निर्णय गरियो ।

| | |
|---|---|
| १ | प्रशासकीय भवन निर्माण |
| २ | इच्छाकामना अस्पताल |
| ३ | हातीवाङ चौकी डाँडा सडक |
| ४ | इच्छाकामना मन्दिर खानेपानी आयोजना |
| ५ | ढुग्रे खानेपानी आयोजना |

| | |
|---|---|
| | यानदाला खानेपानी आयोजना |
| | गामारा रैवुङ्ग सडक |
| ८ | भात खाने खोला पुल निर्माण |
| ९ | चौकीडाँडा खोल्माटार तिपाङ्ग |
| १० | सिराईचुली पूर्वाधार निर्माण |
| ११ | वडा कार्यालय भवन वडा नं २ |
| १२ | वडा कार्यालय भवन वडा नं ५ |
| १३ | वडा कार्यालय भवन वडा नं ६ |
| १४ | वडा कार्यालय भवन वडा नं ७ |
| १५ | पिपलटार झोल्ङ्गेपुल मूली कल्भर्ट निर्माण |
| १६ | इच्छाकामना मन्दिर वडा नं ५ |
| १७ | इच्छाकामना मन्दिर वडा नं ४ |

- <u>निर्णय नं २</u>

यस गाउँ कार्यपालिका बैठकले यस अघि निर्णय गरी द्न्दपिडित भनी प्रदेश सरकारमा पठाएका द्न्दपिडितहरुको राहत रकम प्रदेशमार्फत प्राप्त हुन आएकोले उक्त रकम नागरिकताको आधारमा भुक्तानी दिने निर्णय गरियो ।

- <u>निर्णय नं ३</u>

यस गाउँपालिकाको गत आ ब २०७५।७६ को अन्तिम लेखापरीक्षण प्रतिवेदन उपर छलफल गरियो । प्रतिवेदनले औल्याएका असुलउपर गर्नुपर्ने बेरुजुहरु असुलउपर गर्ने, नियमित गर्नुपर्ने बेरुजुहरु नियमित गर्ने तथा सैदान्तिक बेरुजुहरुको सम्बन्धमा आगामी दिनमा विधि निर्माण गरी विधिसम्मत तरिकाले अघि बढ्ने निर्णय गरियो ।

- <u>निर्णय नं ४</u>

यस गाउँसभाले गत २०७६ असारमा पारित गरेको बजेटसीमा भित्र रही चालु आ ब ०७६।७७ का लागि गाउँ कार्यपालिका कार्यालयले सम्पादन गर्ने बार्षिक खरीद योजना स्वीकृत गर्ने निर्णय गरियो ।

<u>निर्णय नं ५</u>

यस गाउँपालिकाको गत आव देखी सञ्चालित प्रशासकीय भवनको DPR र इच्छाकामना अस्पतालको DPR को म्याद २०७६ माघ मसान्तसम्म र आवधिक योजना, सडक गूरुयोजना RMTMP, को म्याद २०७६ जेष्ठ मसान्तसम्म थप गर्ने निर्णय गरियो । साथै निम्न आयोजनाहरुको म्याद २०७६ जेष्ठ मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

- **निर्णय नं ६**
- यस गाउँपालिकाको सूचना बमोजिम निम्न ठेक्का नं को नदिजन्य पदार्थ संकलन तथा उत्खननको आय ठेक्काको स्वीकृतिका लागि आशयपत्र जारी गरिएकोमा सो ७ दिने म्याद भित्र Blue Energy Hydro power कम्पनीले हामीले ठेक्का लगाएको नदीजन्य क्षेत्र उसको IEE Coverage Area भित्र पर्ने भएकोले उक्त क्षेत्रको नदिजन्य पदार्थ उत्खनन तथा बिक्रि वितरण नगरिदिनुहुन भनी राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनालाई सहयोग गरिदिन अनुरोध गरेकाले उक्त क्षेत्रको आह्वान भएको ठेक्का रद्‍ध गर्ने निर्णय गरियो । साथै यस गाउँपालिकाको आन्तरिक स्रोतलाई प्रभावित नपार्ने गरी उक्त Hydro Power Company लाई ठेकेदारले गरेको कबोल अंकभन्दा न्यून नहुने गरी गापालाई कर र भ्याट बाहेक बार्षिक रु २५ पच्चीस लाख रुपैया बजेट सहयोग गर्न अनुरोध गर्ने निर्णय गरियो ।

| ठेक्का नं. | नदिजन्य कार्यको विवरण | स्वीकृत हुने निर्माण कम्पनिको नाम | कबोल अङ्क (मुकरबाहेक.अ.) |
|---|---|---|---|
| NCB/IRM/07/1607/7 | Barbangkhola Dadabari Dekhi Trisuli NadiKoBagar Jhalunge PulMuniko Kshetra | Jogimara Construction & Suppliers Pvt.Ltd | 9,99,999.00 |
| NCB/IRM/207/607/7 | Sota Bagar (TrisuliNadikoBagar) | Jogimara Construction & Suppliers Pvt.Ltd | 13,77,777.00 |

- **निर्णय नं ७**

यस गाउँपालिकाले गत मंसिरमा प्राथमिक तहका स्थायी शिक्षकहरुको पदस्थापन गरेकोमा केही अस्थायी शिक्षकहरु विस्थापित भएको अवस्था थियो । हाल विविध कारणले केही शिक्षक दरबन्दी पुनः खाली हुन गएकाले विस्थापित शिक्षकहरुलाई तात्कालिन जेष्ठताका आधारमा स्थापित गर्दै लैजान स्वीकृति दिने निर्णय गरियो ।

**निर्णय नं ८**

यस गाँपालिकाका लागि फलफूल तथा तरकारी मूल्य श्रृंखला विकास आयोजनाबाट प्राप्त बजेटमा कृषि प्राविधिकको पारिश्रमिक समेत समावेश भएकाले सहायक स्तरको कृषि प्राविधिक भर्ना गर्ने, त्यस्तै घरनक्सा पास सार्वजनिक जग्गाको संरक्षण लगायतका लागि एक जना अमिन अति आवश्यक भएकाले भर्ना प्रकृया सम्पन्न नहुँदासम्म तत्काल डोरहाजिरबाट कामकाज गर्ने गरी अमिन भर्ना गर्ने एवं संघीय ससर्त तर्फको बजेटमा मनोसामाजिक परामर्शकर्ताका लागि बजेट विनियोजन भएकाले सोको कार्यान्वयनका लागि मनोसामाजिक परामर्शकर्ता कर्मचारी भर्ना गर्न स्वीकर्ति दिने निर्णय गरीयो ।

- **निर्णय नं ९**

प्रस्तावसाथ पेश भएका निम्न कार्यविधिहरु पारित गर्ने निर्णय गरियो ।

क इच्छाकामना गाउँपालिका एम्बुलेन्स सञ्चालन कार्यविधि २०७६

ख अध्यक्षसँग युवा स्वरोजगार कार्यक्रम । युवा स्वरोजगार कोष सञ्चालन कार्यविधि २०७५

ग सार्वजनिक जग्गा संरक्षण तथा उपयोग सम्वन्धी कार्यविधि २०७६

<u>निर्णय नं १०</u>

- निर्वाचन क्षेत्र पूर्वाधार विकास साझेदारी कार्यक्रम तर्फका कार्यक्रमहरु आर्थिक बर्षको झण्डै आधासमय घर्कपछि प्राप्त भई बार्षिक बजेटमा समावेश गर्न र समयमै निर्माण गर्न कठीनाई हुने भएकाले आगामी आव देखी प्राप्त हुने कार्यक्रम हरेक बर्षको जेष्ठ मसान्तभित्र नै तोकिदिन माननीय सांसदज्यूहरु र माननीय सांसदज्यूहरुमार्फत संघीय संसद सचिवालय र प्रदेश संसद सचिवालयमा अनुरोध गर्ने गाउँसभामा प्रस्ताव लैजाने निर्णय गरियो ।

- <u>निर्णय नं ११</u>

यस गाउँपालिकाको वडा नं ४ मा रहेको इच्छाकामना अस्पतालको निर्माणका लागि विगतमा तराइमधेस समृद्दी कार्यक्रमबाट कार्यान्वयन गर्ने गरी ठेक्का आह्वान भई सम्झौता समेत भएकोमा तराई मधेस समृद्दी कार्यक्रमले आ ब को समाप्तिपछि कार्यक्रमलाई निरन्तरता नदिएकाले यस गाउँपालिको राजश्व बाँडफाँडबाटको बजेटबाट कार्यान्वयन गर्ने गरी स्रोत सुनिश्चित गर्ने निर्णय गरियो ।

- <u>निर्णय नं १२</u>

- यस गाउँसभाको छैटौं गाउँसभामा पेश हुन आएका चालु आब २०७६।७७ को प्रगति प्रतिवेदनउपर छलफल गरियो । हालसम्म भएको प्रगतिको समिक्षा गरियो । गाउँ कार्यपालिका कार्यालयबाट सम्पादन हुन ढिला भएका काम कार्यवाहीलाई छिटो तथा प्रभाकारी रुपले अघि बढाउने निर्णय गरियो । हालसम्म भएका आम्दानी तथा खर्चको अनुमोदन गर्ने निर्णय गरियो ।

<u>निर्णय नं १३</u>

- यस गाउँपालिकाका निम्न बमोजिमका वडाहरुको केन्द्र निम्नानुसार बमोजिम तोक्ने निर्णय गरियो ।

निम्न

| वडा नं | केन्द्र |
|---|---|
| १ | हातीबांग |
| ४ | कुरिनटार |
| ५ | मुग्लिन |
| ६ | जलबिरे |
| ७ | सिमलढाप |

<u>निर्णय नं १४</u>